# विगतदेखि वर्तमानसम्म उ.मा.वि. मुर्कुची

✍खड्ग थापा

कुनैपनि ठाँउ, संस्था तथा व्यक्तिको ऐतिहासिक पृष्ठभूमि कोट्याउदा राम्रा तथा नराम्रा दुवै खाले घटनाक्रमहरु जोडिन्छन् । इतिहाँस सिधा र सरल बाटोमा हिडेको पाइदैन । अनेकौ घुम्ति तथा मोडहरु पार गर्दै समय बर्तमानसम्म आईपुगेको पाइन्छ । यहाँ कुनै व्यक्ति तथा घटनाको विकासक्रमको सन्दर्भ भन्दा पनि हालको उ. मा. वि. मुर्कुचीको स्थापना र विकासक्रमको सन्दर्भलाई जोडिएको छ । म (खड्ग थापा) यस विद्यालयमा २०५१ साल फाल्गुण १७ गते नि.मा.शि. पदमा नियुक्ती भएको थिएँ । तत्पश्चातको घटनाक्रम तथा विकासक्रमहरु प्रत्यक्ष आफैले देखिरहेको भए पनि यस विद्यालयको स्थापना कालदेखि यहाँससम्मको इतिहाँस मलाई ज्ञात छैन । तथापि यहाँका पूर्व शिक्षकहरु, स्थापनाकालका जीवित सदस्यहरु, विगतका प्र.अ.हरु र यस क्षेत्रका विभिन्न घट्नाक्रमका जानिफकार व्यक्तिहरुसँग सोधपुछ गरी सकेसम्म विद्यालयको विगतको सत्यतथ्य उल्लेख गर्ने प्रयास गरेको छु । विद्यालयको इतिहाँससँग जोडिएको घटना तथा व्यक्तिहरुको वारेमा मैले खासै नराम्रो कुरा सुनेको छैन तापनि तठस्त भएर घटनाहरु उल्लेख गर्न प्रयास गरेको छु । यस विद्यालयको विगतदेखि बर्तमानसम्मका मुख्य मुख्य घटना सँग जोडिएका व्यक्ति, विकासक्रम आदिलाई उल्लेख गर्ने सन्दर्भमा विद्यालयको स्थापना काल, स्थानान्तरणकाल, मा. वि. संचालनकाल, उ.मा.वि. संचालनकाल र विद्यालयको वर्तमान अवस्थाहरु झल्काउने प्रयास यथासम्भव गरेको गरिएको छ ।

## १. विद्यालयको ऐतिहाँसिक पृष्ठभूमि

### क) स्थापना कालः

यस ठाँउको शैक्षिक इतिहाँस खासै लामो छैन । हालको रौता गा.वि.स. वि.सं. २०१७/०१८ सालतिर २ वटा गा.वि.स.हरु डिल्लीवर र पाँवुमा विभाजित थियो । ३०३५ सालतिर मात्र यी दुवै गा.वि.स. ह्वरुलाई एउटै गा. वि.स. बनाई उक्त गा.वि.स.को नाम रौता राखियो । त्यस बेलाको डिल्लीवर र पाँवु, हालको रौता गा.वि.स.मा पहिलेदेखि नै मगर जातिहरुको बाहुल्यता रहदै आएको छ । पछिल्लो समयमा अन्यत्रबाट ब्राहमण, क्षेत्री, तामाङ, शेर्पा जातीहरु यस ठाँउमा वसाइ सरी आएको पाईन्छ । मगरहरु पहिलेदेखि नै लाहुर जाने, खेतिपाति गर्ने, चाडपर्वहरु धुमधामसँग मनाउने, तिहारमा १५ दिन सम्म देउसीभैलो खेलिरहने, एकराते बजार भर्ने र हाट मधेश गर्ने जस्ता कुरालाई प्राथमिकता दिने गर्दथे भने पढाइ लेखाइ र शिक्षादिक्षालाई गौण सम्झन्थे । यति हुँदाहुँदै पनि २०१४ साल तिरै यस ठाँउका भैरव बहादुर थापाले मेट्रिक पास गरेको भन्ने सुनिन्छ तर निजले आ̐ना बाबु ब्रिटिस लाहुरमा हुँदा भारत तिरै पढेका थिए । यीनै कारणहरुले होला ठाँउ ठाँउमा विद्यालय नभएको बेला मधेशको काइतेहरु ल्याएर आ̐ना छोराछोरीलाई शिक्षादिक्षा दिने सन्दर्भहरु सुनिए पनि यस ठाँउमा सुनिदैन । हालसम्म पनि धेरै ठाँउमा औपचारिक रुपमा विद्यालय नगएका तर काइतेहरुद्धारा शिक्षित वहि, तमसुक, राजिनामा, छोडपत्र आदि लेख्न रिपु व्यक्तिहरु भेटिन्छन् तर यहाँ त्यस्ता बुढापाकाहरु बिरलै छन् । २००७ सालमा १०४ वर्षे कालो राणा शासनको अन्त्य पछि नेपालमा शिक्षाको लहर फैलिएको थियो । जताततै विद्यालयहरु च्याउ उम्रेसरी खुले तर त्यो लहरले ,त्यो जागरणले यस ठाँउलाई अझैपनि छुन सकेको देखिएन । यति हँदा हँदै पनि समयले केही टाठा बाठा र दूरगामी बिचार बोक्ने मानिसहरुलाई जन्म दिंदो रहेछ । त्यस्तै व्यक्तिहरुको पंत्तिमा तत्कालीन डिल्लीवर पञ्चायतका शीव मर्दन थापा, धर्मध्वज थापा, लिल बहादुर राना, धन बहादुर क्राप्छाकी, बेल बहादुर बलम्पाकी, भिम बहादुर पुलामी, जस्ता व्यक्तित्वहरु पर्दथे । त्यस बेलाको डिल्लीवर पञ्चायतमा हालको मुर्कुची, कोप्चे गुराँसे डिल्लीवर र जरंगे पर्दथ्यो । मुर्कुचीमा औलोको कारण मानव वस्ति नहुदा

माथिल्लो भेगको डिल्लीवर भन्ने ठाँउ गा.वि.स.कै मध्य भागमा पर्दथ्यो । त्यसैले माथि उल्लेख गरिएका समाजसेवीहरुले गा.वि.स. भरिकै बालबालिकाहरुलाई पायक पर्ने गरी वि.सं. २०१८ सालमा डिल्लीवरमा प्रा.वि. स्थापना गर्ने निधो गर्नुभयो । फलस्वरुप सोहीसालमा सेउले छाप्रो खडागरीा बेल बहादुर वलम्पाकीलाई शिक्षक नियुक्ती गरी पठनपाठन शुरु गरियो ।

**ख) स्थानन्तरण कालः**

त्यस वेला मुर्कुची फाँटमा औलो लाग्ने र डिल्लीवर जरंगेमा ज्यादै जाडो हुनेहुँदा वसोवासको दृष्टिले कोप्चे उपयुक्त ठाँउ थियो । धान खेत प्रशस्त भएको, पूर्वतिर फर्केको पारिलो ठाँउ भएकोले माथिबाट जाडो छल्न र तलबाट औलो छल्न प्रशस्त मानिसहरु कोप्चेमा वसोवास गर्न थाले । घना वस्ति कोप्चेमा भएको, अधिकांश वालवालिकाहरु पनि कोप्चेकै भएको र डिल्लीवरबाट भिम बहादुर पुलामी जस्ता विद्यालयलाई रेखदेख गर्ने व्यक्ति कालीखोला सहरेतिर वसाइसरी आएको र माथि उल्लेख गरिएका भिम बहादुर पुलामी र बेल बहादुर बलम्पाकी बाहेक सबै संस्थापकहरु कोप्चेकै भएकोले वि. सं. २०२५ सालमा विद्यालय कोप्चेमा सारियो । कोप्चेमा विद्यालय छँदा ईन्द्र बहादुर थापा, पृथ्वी बहादुर लायो, गंग बहादुर राना, जस्ता शिक्षकहरुले पठनपाठन गर्नु भएको थियो । उक्त ठाँउमा विद्यालय छदै यसले सरकारी अनुदान प्राप्त गर्न थालेको थियो । यस ठाँउमा ४/५ वर्ष सम्म विद्यालय संचालन भएको थियो ।

२०३०/३२ सालतिर नेपालमा औलो उन्मुलनको अभियान चलाइएको हुँदा विस्तारै मधेश तथा खोँजहरुमा औलोको डर हुन छोडेकोले कोप्चेका थापा परिवार मध्ये धर्मध्वज थापा हालको त्रि.न.पा. १२ को तोरीवारीमा, शीवमर्दन थापा मुर्कुचीमा त्यस्तै राना परिवारका लिल बहादुर राना वगाहामा र गंग बहादुर राना मुर्कुचीमा वसाइ सर्नु भयो । यो वसाइसराइले गर्दा पुनः विद्यालय संचालन तथा रेखदेख गर्ने मानिसहरुको अभाव हुनुको साथै वालवालिकाको संख्या घटेर ३ जनामा झर्‍यो । यसले विद्यालय संचालनमा संकट पैदा भयो परिणाम स्वरुप तत्कालिन डिल्लीवार पंचायतका प्रधानपञ्च फौद बहादुर पुलामी र प्र.अ. हर्षदेव ग्लानले विद्यालय कोप्चे भन्दा केही तल खमारेमा सारेर संचालन गर्न थाले ।

औलो उन्मुलनको थालनी हुँदै जाँदा मानिसहरु माथिबाट मुर्कुची, कालीखोला र अन्य खोँचहरुमा वसाइसर्ने क्रम जारि रहयो । यसले गर्दा कोप्चे तथा खमारेमा वस्तिहरु पातलिदै र मुर्कुची फाँट तथा आसपासका क्षेत्रहरुमा वाक्लिदै गयो । उता डिल्लीवरका अजुद्ध बहादुर रिखामको नेतृत्वमा राजावासमा वन फडानी भई वस्तिहरु बस्न थाले । परिणाम स्वरुप मानिसको वसाइसराइ सँग सँगै खमारेमा संचालनमा रहेको प्राथमिक विद्यालय हालको मुर्कुची बजारमा सारी १ वर्ष सम्म त्यहीँ संचालन गरियो ।

मुर्कुचीमा त्यसबेला सालना जस्तो छौड्याहा खोलामा बाढी आउने गर्दथ्यो । यसले बाटो परिवर्तन गरी रहन्थ्यो, कुनै पनि बेला विद्यालयलाई पनि निशाना बनाउन सक्ने भएकोले यस क्षेत्रकै सुरक्षित थलो राजावासमा विद्यालय लगियो । राजावासमा जंगल फडानी भइरहेकोले वन विभाग र फडानी गर्ने व्यक्तिहरुबीच झगडा भइ रहन्थ्यो । कुनै बेला वनपालेले घरटहरा भत्काउथे भने गाँउलेहरु रातारात घरटहरो बनाउथे । गाँउलेका तर्फबाट त्यसबेलाका जल्दा बल्दा व्यक्ति डिल्लीवरबाट फेदीमा वसाइसरी आएका अजुद्ध बहादुर रिखामले नेतृत्व गर्दथे । यसै क्रममा गाँउलेहरु विरुद्ध वन विभागले मुद्धा चलायो । मुद्धाको बहस पैरवीको क्रममा हाल मुर्कुची नेपालटार सडकबाट तल ४ बिगाहा जग्गा सरकारले विद्यालयको नाममा दर्ता गरिदिने यसको बदला बाटोमाथिको जग्गा फडानी रोकी नयाँ वस्ति हटाई पुन जंगलै

कायम गर्ने सहमति केन्द्रिय वन विभाग र जिल्ला वन विभागले समेत गरेको थियो । नयाँ वस्ति पातलो र वरिपरि घना जंगल

नयाँ वस्ति पातलो र वरिपरि घना जंगल भएकोले विद्यालय सुरक्षित थिएन । दिउसै बाघ, भालु, बदेलको डर हुन्थ्यो भने जंगलमा छाडिएका गाई वस्तुले विद्यालयमा प्रवेश गरी फोहर मैला गर्ने, फर्निचरहरु तोड्ने आदि गर्दथ्यो । यीनै कारणले २०३५ सालमा प्र.अ. माधब राउत र गाँउलेहरुको सरसल्लाहमा वाक्लो वस्ति भएको वेलटारमा विद्यालय सार्ने निधो भयो । उक्त ठाँउमा स्वर्गीय अमर बहादुर श्रेष्ठले विद्यालयलाई १ रोपनी जग्गा सित्तैमा उपलब्ध गराए । सोही जग्गासँग जोडिएको हस्त बहादुर तामाङको २ रोपनी ८ आना जग्गा विद्यालयले खरिद गर्‍यो । यसरी जम्मा ३ रोपनी ८ आना जग्गाको हातामा विद्यालय भवन निर्माण गरी पठनपाठन संचालन गरियो । अर्को वर्ष २०३६ सालमा नि.मा.वि. तह संचालन गर्न शुरु गरियो ।

२०३७ सालतिर सरकारले प्रत्येक इलाकामा एउटा सेवाकेन्द्र स्थापना गरी संचालन गर्ने अभियान चलाएको थियो । जीतुहर्क तामाङका अनुसार- "यस अभियानको क्रममा यस इलाकाको सेवा केन्द्र राजावासमा स्थापना गर्न तत्कालीन प्रधानपंचहरु विष्णु बहादुर वस्नेत र गंग बहादुर रानााको मिलेमतोमा विद्यालययको ४ विगाहा जग्गा वेल्टार निवासी ठेकेदार इश्वर श्रेष्ठलाई गोप्य मूल्यमा वेचियो, उक्त जग्गाको मूल्य हालसम्म पनि विद्यालयको कोषमा दाखिला गरिएको छैन ।" ( औंलो उन्मूलन भए पश्चात मुर्कुची फाँट सिचाई सुविधा भएको, खेती योग्य उर्वर भूमि भएकोले पोखरी गा.वि.स.का प्रधानपंच खड्ग बहादुर खड्का, भलायडाँडा गा. वि.स.का प्रधानपंच विष्णु बहादुर वस्नेत, नामेटार गा.वि.स.का प्रधानपंच जीतुहर्क तामाङ वसाइ सरी मुर्कुचीको आसपासमा पर्ने ठाँउहरु क्रमशः पुवाँरे, पाखाटोल र सिरेटारमा आएका थिए भने गंग बहादुर राना रौता गा.वि.स.का प्रधानपंच थिए ।) तत्कालिन पंचायत ब्यवस्थाले प्रत्येक इलाकामा सबै सरकारी संस्थाहरुलाई एकै ठाँउमा राखी शिक्षा, स्वास्थ्य, पशु तथा कृषि सेवाहरु सोही ठाँउबाट उपलब्ध गराउने नीति लिएको थियो र यसै नीति अनुसार वेल्टारमा भएको विद्यालय पुनः राजावासमै सार्नुपर्ने तर्कहरु उठिरहेको थियो तर जीतुहर्क तामाङ यस कुराको बिरोधी थिए । विवाद चलिरहेकै वेला २०४५ साल भाद्र ५ गते नेपालमा महा भूकम्प गयो । नेपालको धेरै भौतिक संरचनाहरु नष्ट हुनकासाथै धेरै धनजनको पनि क्षति भयो । भूकम्पले नष्ट भएका भौतिका संरचना सरकारले पुनः निर्माण गरिदिने भयो । यसो भए पछि वेल्टारमा सानोतिनो क्षति भएको विद्यालय भवन भूकम्पले भत्किएको बाहानामा विष्णु वहादुर वस्नेत र गंग बहादुर रानाको नेतृत्वमा मुर्कुचीका तल्लो भेगका जनताहरुले रातारात राजावासमा सारे । यस क्रममा वेल्टार र फेदी तर्फका जनताहरुलाई जीतुहर्क तामाङ, डम्वर बहादुर वलम्पाकी, र गम्भिर बहादुर पुलामी लगायतका ब्यक्तिहरुले नेतृत्व गरी विद्यालय खोसाखोस गर्ने काम भयो । मुर्कुचीको ठाडो कुलोमा दुवै तर्फको जनताबीच कुटाकुट र हिलोमा दलादल भएको थियो । यो घटनाले जीतुहर्क तामाङ र विष्णु बहादुर वस्नेतबीच ठुलो तिक्तता र मनमुटाव पैदा भयो । पछि यी दुवैले मित लगाएर तिक्तता अन्त्य गरे भन्ने सुनिन्छ

। राजावास लुटिएर लगिएका विद्यालयका जस्तापाताहरु पुनः जीतुहर्क तामाङको नेतृत्वमा रातारात वेल्टारमा लगि विद्यालय उभ्याउने काम समेत भएका थियो । तर राजावासवाट विद्यालय फर्काउन दिइएन र सोही ठाँउमा निर्मित सेवा केन्द्र भवनमा २ वर्ष सम्म विद्यालय संचालन भयो । विद्यालयको आˆनै भवन नभएको र विद्यालय कहाँ निर्माण गरी संचालन गर्ने भनी दुई तर्फि वादविवादकै क्रममा भवन निर्माणका लागि विभिन्न संघ संस्थासँग अनुरोध गर्ने तथा आवश्यक आर्थिक स्रोतको खोजिमा यहाँका भद्रभलादमीहरु लागि रहेका थिए । यस्तैमा रेडवार्ना नेपाल आठ कोठे २ वटा विद्यालय भवनको ब्लक निर्माण गर्न तयार भयो तर यसको लागि विद्यालयको आˆनै नम्वरी जग्गा हुनुपर्ने सर्त राखियो । राजावास मुर्कुची भेगमा कतै नम्मरी जग्गा थिएन । वेल्टारमा भएको नम्मरी जग्गामा भवन बनाउने कुरामा पहिलेदेखि नै विवाद थियो । यसो हुँदै जाँदा विष्णु बहादुर वस्नेतको पहलकदमीमा वेल्टार, राजावास र अन्य क्षेत्रलाई

पनि पायक पर्ने गरी मुर्कुची बजारमै विद्यालयको नाममा जग्गा खरिद गरी भवन बनाउने निधो भयो तर जग्गा किन्ने कुरामा मुर्कुची बजारमै भएको जग्गाा पाँवु निवासी सेर बहादुर वि.क.को र विष्णु बहादुर कै नाममा भएको अलिमाथिको जग्गा मध्ये कुन किन्ने भनि केही समय ब्यापक छलफल तथा बहस भएको थियो । पछि बजारमै भएको सेर बहादुर वि.क.को ६ कट्ठा जग्गा विद्यालयको नाममा खरिद गरेपछि रेडवार्ना नेपालले भवन निर्माण गर्ने विद्यालय सँग सम्झौता गऱ्यो ।

२०४६ सालमा ३० वर्षे पंचायती ब्यवस्थाको पतन भई बहुदलीय ब्यवस्थाको सुरुवात भयो । बहुदलीय ब्यवस्था सुरुभएपछि तत्कालिन दलहरु नेपाली काँग्रस, नेपाल कम्युनिष्ट पार्टी मालेले जनतालाई आˆनो सदस्य बनाउन प्रतिस्पर्धा नै गरेको थियो जसअनुसार तत्कालिन प्र.अ. सूर्य बहादुर मगर र रेडवार्ना नेपालका संयोजक नारायण कोइराला एउटै पार्टी नेपाली काँग्रेसमा आवद्ध भएकै कारण अर्को थप एउटा ब्लक गरी जम्मा ३ वटा ब्लक बनाउने सम्झौता भयो । रेडबार्ना नेपालले यस विद्यालयलाई दिएको यो अमूल्य योगदानलाई विद्यालयले कहिल्यै भुल्नु हुदैन ।

२०४६/४७ ताका उदयपुर सिमेन्ट उद्योगको स्थापना भई जलजलेबाट कालीखोला हुदै मुर्कुची सुकौरा सम्म सडक बाटो बनेपछि ढुङ्गा माटो बोक्ने टिफर, टयाक्टर प्रशस्त मात्रामा गुड्न थाले । रेडवार्ना नेपालसँग भवन निर्माणको सम्झौतामा निर्माण सामग्रीहरु जलजलेबाट श्रमदानमा मुर्कुची सम्म ढुवानी गर्नु पर्ने थियो तर सडक बाटोको निर्माणले रेडवार्ना नेपालले आˆनो शाखा कार्यालय मुर्कुचीमा नै सारेकोले सो ढुवानी कार्यमा श्रमदान जुटाउनु परेन जसले गर्दा स्थानीय निर्माण सामग्रीहरु ढुङ्गा माटो र काठमात्र ढुवानी गनुपर्ने भयो । यति हुँदाहँदै पनि जनश्रमदान जुट्न सकेन र ढुङ्गा, माटो र काठ ओसार्ने कार्यमा विद्यार्थीलाई प्रयोग गरियो । विद्यार्थीलाई काममा लगाएको बिरोध अभिभावकबाट आउदा तत्कालिन शिक्षक बीरेन्द्र कुमार मगरले मध्यस्तताको भूमिका निभाउनु भएको थियो । भवन निर्माणको ठेक्का राजेन्द्र प्रसाद साहले लिनु भएको थियो । माथिल्लो भेगका जीतुहर्क तामाङले भवनमा लाग्ने धरिन काट्ने र तल्लो भेगका विष्णु बहादुर वस्नेतले पर्लिन, ऱ्याˆटर आदि काट्ने सहमति भएको थियो । तल्लो भेगमा भएको कुभिन्डे जंगलमा एकै ठाँउमा १३ जोडी आरावालहरु भिडेर काठ काटेका थिए । बहुदल भखरै सुरुवात भएको कारण कसैले कसैलाई टेर्दैनथे । यसले गर्दा काटिएको धेरै काठ ब्यक्तिले आ-आˆनो घरमा लगि सकेसम्म दुरुपयोग गरे । यसको नतिजा विद्यालयमा सम्झौता अनुसारको ८ सय थान पटाहाको सिलिË लगाउन सकिएन । उक्त विद्यालय भवन निर्माणको क्रममा गणेश खत्री, विष्णु बहादुर वस्नेत, जीतुहर्क तामाङको अमूल्य योगदान रहेको थियो । यसरी मुर्कुचीमा अचल सम्पती जग्गा खरिद र दह्रो भौतिक संरचना (भवन) निर्माण भएपछि विद्यालय सर्ने क्रममा पूर्णविराम लाग्यो र हालसम्म पनि सोही ठाँउमा उ.मा.वि. मुर्कुची स्थापित छ ।

**ग) मा.वि. संचालन कालः** हरेक सकारात्मक परिवर्तनमा मानिसको चेतनाले गुणात्मक फड्को मार्छ । विकास निर्माणको लहर चल्छ, मानिसमा जोस जाँगर पलाउँछ । त्यस्तै २०४६ सालको जनआन्दोलनले पनि जनतामा जोस जाँगर पलाएको थियो । यसैको परिणाम स्वरुप वि. सं २०५० सालमा शिक्षकहरु बीरेन्द्र कुमार मगर, दुर्गा थापा (स्वस्ति) , भरत थापा र अभिभावकहरुमा सेतिमाया आले, प्रेम बहादुर कार्की, गजेन्द्र बहादुर खड्का, बम बहादुर खड्का, विष्णु बहादुर राना ( तत्कालिन गा.वि.स.अध्यक्ष), नारायण राया, अमृत रायामाझी, डम्वर बहादुर वलम्पाकी र लाल बहादुर केप्छाकी लगाएतका ब्यक्तिहरुले मा.वि. संचालन गर्नु पर्ने प्रशताव अधि सारी धरौटी स्वरुप राख्नु पर्ने रु १ लाख रुपैया जुटाउन चन्दा संकलन अभियान चलाउनु भयो । विद्यालय कक्षा ७ सम्म मात्र संचालन भएकोले कक्षा ८ पढाउन अन्यत्र विद्यालयमा आˆना छोराछोरी लैजान अभिभावकहरुले असजिलो महसुस गरिरहेका थिए । तत्कालिन वि.ब्य.स. अध्यक्ष गंग बहादुर राना र प्र.अ. सूर्य बहादुर मगरको यस अभियानमा सकारात्मक भूमिका रहेन भन्ने सुनिन्छ । आवश्यकता नै

आविष्कारको जननी हुने भएकोले चन्दा संकलन अभियानमा कसैले बोका, कसैले कुखुरा, कसैले सुगुर त कसैले नगद गरी सकेको सहयोग प्रदान गरेका थिए । यसरी चंदा संकलनबाट जुटेको १ लाख रुपैया मा.वि. संचालनका लागि धरौटी राखीयो र २०५० सालमा कक्षा ८, ०५१ मा ९ र ०५२ मा कक्षा १० संचालन गर्ने अनुमति प्राप्त गर्‍यो । प्र.अ. सूर्य बहादुर मगरको स्वास्थ्य खराव भएकोले विद्यालयमा नियमित पठनपाठन हुदैनथ्यो । उता निजि शिक्षकहरुले भनेको बेलामा तलव खान नपाउदा बेलाबेलामा शिक्षकहरु फेर बदल भइरहन्थ्यो । विद्यालयमा अनुशासन थिएन । एक खालको शैक्षिक अराजकता विद्यमान थियो । यसै क्रममा पुन्य बहादुर कार्की र म शिक्षकको आवश्यक्ता सुनेर यस विद्यालयमा आयौ । हामीलाई सामान्य अन्तरवार्ता र कक्षा अवलोकन गरी २०५१ साल फाल्गुण १७ गते शिक्षकमा नियुक्ति गरियो । पून्य जीले नेपाली र अर्थशास्त्र अध्ययन गर्नु भएको मैले गणित र विज्ञान । कक्षा ९ र १० मा अंग्रेजी पढाउने शिक्षक थिएन । त्यसैले हामीले नै अंग्रेजी पनि पढाउने गर्थ्यौं ।

प्र.अ. सूर्य बहादुर मगरलाई अभिभावक तथा विद्यार्थीहरुले विरोध गरेको कारण प्र. अ. पदवाट राजिनामा दिनुभयो र मलाई निमित्त प्र.अ. को जिम्मेवारी दिइयो । म आलोकाँचो अल्लारे केटो थिए विद्यालयको प्रशासन कसरी चलाउने चिठी पत्र कसरी लेख्ने सो को समेत ज्ञान थिएन तथापि एक वर्षजति प्र.अ. चलाएँ । यस बखत विद्यमान शैक्षिक अराजकतालाई केही हदसम्म ठीक ठाँउमा ल्याएर पठनपाठनलाई नियमित गराउने काममा पून्यजी र म सफल भयौ । यसै क्रममा त्रि.मा.वि. गाइघाटमा कार्यरत श्री शंकर बहादुर थापालाई प्र.अ. बनाई २०५२ चैत्र ११ मा यस विद्यालयमा पठाईयो । यस कार्यले यस विद्यालयको विकास र उन्नतिमा ठूलो आयाम थपियो । यस ठाँउको पुरानो वासिन्दा र राजनीतिक क्षेत्रमा पनि राम्रै पहुँच भएकोले वहाँले यस विद्यालयमा नयाँ दरवन्दी ल्याउने देखि लिएर विद्यालयको भौतिक तथा शैक्षिक विकासमा कायापलट गर्नु भयो । पठनपाठन नियमित हुन थाल्यो, आर्थिक पारदर्शिता र प्रशासनिक क्षेत्रमा आमुल परिवर्तन भयो । यति हुदाहुदै पनि उहाँको स्वास्थ्यको कारणले विद्यालयमा अलि पातलो उपस्थिति हुन्थ्यो तथापी पून्यजी र मैले पठनपाठनलाई नियमित गराउनेकाम गर्दथ्यौ । वहाँ प्रेशरको विरामी हुनहुन्थ्यो अलि चाँडै रिसाउनु हुन्थ्यो । वहाँदेखि विद्यार्थी र शिक्षक स्टाफहरु खुवै डराउथे । विद्यालय आएको दिन परैबाट थाहा पाएर शिक्षक विद्यार्थी डरले थर्कमान हुन्थे । कक्षाकोठामा पसेपछि घण्टीको ख्यालै नगरि २/३ घण्टीसम्म लगातार पढाउनु हुन्थ्यो ।

केही समय पछि जि.शि.का. उदयपुरबाट एउटा नि.मा.शि. द्धितीयको दरवन्दी ल्याउनु भयो र सो पदमा मलाई नियुक्ती गर्नुभयो । २०५४ सालमा थप २ वटा मा.शि. दरवन्दी ल्याएर एउटा दरवन्दीमा मलाई अस्थायी बढुवा गर्नुभयो र अर्को दरवन्दीमा झापा महाभाराका रिद्धि प्रशाद भट्राईलाई नियुक्ती गर्नु भयो । मेरो नि.मा.शि. द्धितीयको रिक्त पदमा पून्यजीलाई नियुक्ति गरियो साथै प्रा.वि. सर्गवासवाट प्रा.शि. गंगा कुमारी मगरलाई यस विद्यालयमा सरुवा समेत गराउनु भयो । यसले गर्दा शिक्षक अभावको समस्या केही हदसम्म समाधान भयो । भौतिक क्षेत्रमा कक्षाकोठाको अभाव, सानो विद्यालयको हाता, घेरावेरा नहुँदा विद्यालयमा गाई भैसीहरु चर्न आउने, बजारका मानिसहरु दिशापिसाव गर्न विद्यालयको फिल्डमा आउने जस्ता समस्याहरु थिए । आधारभूत तथा प्राथमिक शिक्षा परियोजना मार्फत एउटा २ कोठे ब्लक निर्माण भयो । यसले कक्षाकोठाको समस्या केही हल भयो साथै विद्यालयको हातासँग जोडिएको आठ कट्ठा जग्गा खरिद गर्नमा वहाँको ठूलो पहल रहयो । यो वहाँको यस विद्यालय प्रतिको सबभन्दा ठूलो र बिर्सनै नहुने योगदान थियो । आज त्यसैको जगमा भवन विस्तार गर्ने तथा खेलमैदान बनाउने कार्य भएको छ । यसरी ६ वर्षसम्म यस विद्यालयको उन्नयन र विकासमा महत्वपूर्ण योगदान गर्नु भई वहाँ २०५९ सालमा यस विद्यालयबाट सरुवा भई राम जानकी मा.वि.मोतिगडामा जानु भयो हालसम्म पनि त्यसै विद्यालयमा प्र.अ. पदमा कार्यरत हुनुहुन्छ।

शंकर सरको सरुवा भए पश्चात यस विद्यालयमा देवमोहन लालदास नयाँ प्र.अ. बनी आउनु भयो । वहाँ प्रशासनिक तथा अन्य क्षेत्रमा कमजोर हुनुहुन्थ्यो साथै विषयवस्तुमा पनि । विद्यार्थी तथा स्टाफले टेर्दैनथ्यो । यसबेला हामीलाई शंकर सरको अभाव खड्कन्थ्यो तथापि पून्यजी रिद्धिजी र म भएर शैक्षिक वातावरणलाई खस्कन दिएनौं । पून्यजी सबै विषयमा पोख्त, रिद्धिजी अंग्रेजी विषय पढाउनु हुन्थ्यो । वहाँ धेरै जाँगरिलो हुनुहुन्थ्यो । बुढेसकालमा पढेको हुनाले अक्षर त्यति राम्रो नभए पनि विद्यालयको शैक्षिक गतिविधिमा साह्रै उत्साह पूर्वक लाग्नु हुन्थ्यो । वहाँले विद्यार्थीहरुलाई साच्चै अध्ययन गर्नुपर्छ भन्ने धारणाको विकास गराउनु भयो । २०६३ सालमा यसै विद्यालयमा कार्यरत हुँदा हुँदै विरामी परि काठमाण्डौ जोरपाटी.......अस्पतालमा निधन भयो । वहाँ हेपाटाइटिस सी बाट पिडित हुनुहुन्थ्यो । नि.मा.वि. तहमा हेमनारायण यादव, बीरेन्द्र मगर लगायतका साथीहरुले राम्रै पठनपाठन गर्नुहुन्थ्यो भने प्रा.वि. तहमा पठनपाठनको स्तर राम्रो थिएन । भरत बहादुर थापा लेखापाल हुनुहुन्थ्यो । वहाँ विद्यालयमा पातलो उपस्थिति हुनेकारण लेखापालको जिम्मेवारी अरु कसैलाई दिऊँ भन्दा अलि तितो पिरो भयो साथै देवमोहन लालदासको कमजोर प्रशासनिक दक्षताले गर्दा स्टाफहरुबीचमा सामान्य मनमुटाव सिर्जना भयो फलस्वरुप वहाँले २०६२ साल असारमा प्र.अ. पदबाट राजिनामा दिनुभयो भने भरत बहादुर थापा पेन्सनमा बस्नुभयो । भरत बहादुर थापाले आमाको सम्झनामा रु ५० हजार पर्ने फलामको गेट विद्यालयलाई सौजन्य गरेको गुण विदालयले बिर्सनु हुँदैन । त्यसबेला जीतुहर्क तामाङ वि.व्य.स.का अध्यक्ष हुनुहुन्थ्यो । तर वहाँको पदावधी सकिएको थियो । माओवादी द्वन्दका कारण वि.व्य.स. गठन गर्न सकिएको थिएन । मलाइ निमित्त प्र.अ.मा नियुक्ती गरियो । विद्यालयको यी खटपटको कुरा जि.शि.का.मा पुगे पछि नयाँ व्यवस्थापन समिति गठन गर्ने र त्यसैले विद्यालयको विवादलाई किनारा लगाउने जि.शि.अ. अरुण कुमार तिवारीबाट निर्देशन भयो ।

| हाल सम्म यस विद्यालयको एस.एल.सी. परीक्षाको नतिजा विवरण ः | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| परीक्षामा सम्लित | | | | | उत्तीर्ण | | | |
| सि.नं | साल | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | प्रतिशत |
| १ | २०५२ | ३० | १२ | ४२ | ७ | १ | ८ | १९ |
| २ | २०५३ | २८ | ५ | ३३ | ८ | २ | १० | ३३ |
| ३ | २०५४ | २५ | ९ | ३४ | ४ | २ | ६ | १७.२ |
| ४ | २०५५ | २५ | ९ | ३४ | ८ | - | ८ | २३.५ |
| ५ | २०५६ | ४१ | १५ | ५६ | १६ | ३ | १९ | ३३.५ |
| ६ | २०५७ | १७ | ५ | २२ | ३ | २ | ५ | २२.७ |
| ७ | २०५८ | २९ | १५ | ४४ | १२ | २ | १४ | ३१.८ |
| ८ | २०५९ | ३१ | २८ | ५९ | ८ | १ | ९ | १५.५ |
| ९ | २०६० | ३५ | ३९ | ७४ | १३ | ८ | २१ | २८.५ |
| १० | २०६१ | ४५ | ३४ | ७९ | २२ | ६ | २८ | ३५.४ |
| ११ | २०६२ | ४३ | ४१ | ८८ | ९ | ६ | २५ | १७.७४ |
| १२ | २०६३ | ४१ | ३५ | ७६ | २७ | ३५ | ६२ | ८१.५ |
| १३ | २०६४ | ५० | ४२ | ९२ | ४८ | ३३ | ८१ | ८८ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १४ | २०६५ | ५१ | ५५ | १०६ | ५१ | ५३ | १०४ | ९८.११ |
| १५ | २०६६ | ६७ | ६३ | १३० | ४७ | ३७ | ८४ | ८९.२४ |
| १६ | २०६७ | ४४ | ७१ | ११६ | २२ | ३८ | ६० | ५१.७२ |

**घ) उ.मा.वि. संचालन काल ः**

२०६१/६२ सालतिर आइपुग्दा यस जिल्लामा धेरैवटा मा.वि.हरुले उच्च मा.वि. संचालन गर्न थालिसकेको थियो । यस विद्यालयवाट पनि बर्षेनी ४०/५० जना विद्यार्थीहरु एस.एल. सी. उत्तिर्ण हुन्थे । आ ँनै गाँउमा उ.मा.वि. नभएको कारण यी सवै विद्यार्थीहरु +२ अध्ययन गर्न अन्यत्र जानु पर्दथ्यो । यसले यहाँका अभिभावकहरुमा +२ कक्षा संचालन गर्ने जागरण आई सकेको थियो । यता विद्यालयमा भएको सामान्य विवाद वाहिरसम्म पनि पुगेकोले उ.मा.वि. संचालन गर्न आवश्यक पर्ने रकम जुटाउन त्यति सजिलो थिएन । २०६२ साल भाद्र १३ गते गणेश थापा मगरको अध्यक्षतामा वि.व्य.स. गठन भएको थियो । यसै व्यवस्थापन समितिको सिफारिसमा मलाई स्थायी प्रधानाध्यापक पदमा नियुक्ती गरियो । त्यसबेला अरुण कुमार तिवारी नै जि.शि.अ. हुनुहुन्थ्यो । सो समितिको सामु +२ कक्षा संचालन गर्नु पर्ने ठूलो चुनौती थियो । यो चुनौतीलाई तत्कालीन अध्यक्ष गणेश थापाले सहज रुपमा लिनुभयो । समाजसेवी जीतुहर्क तामाङको संयोजकत्वमा +२ पहल समिति गठन भयो । "गाँउमै उच्च शिक्षा हासिल गरौं" भन्ने नाराका साथ चन्दा अभियान संचालन गरियो । चन्दादाताहरुको सिलालेख तथा फोटो विद्यालयमा राखिने निर्णय गरियो । यस अभियानमा यहाँका व्यापारीहरु, सामुदायिक वनहरु, युवाहरु, स्थानीय सरकारी तथा गैर सरकारी संध संस्थाहरु, महिलाह्रु, वुद्धिजीविह्रु सबै होमिनु भयो । हामी केही व्यक्तिहरुले चन्दा संकलन गर्न नसकिएमा दामासाहिमा लगानी गरेर भएपनि +२ संचालन गरेरै छाड्ने प्रतिवद्धता गरेका थियौ । त्यस अभियानमा गा.वि.स. रौता, त्रिशक्ति सा.व.उ.स., विश्वकञ्चन सा.व.उ.स.ले उल्लेख्य आर्थिक सहयोग पुऱ्याएको थियो भने आ ँनो जायजेथा अनुसार सबैले चन्दा दिएका थिए । यस अभियानमा वि.व्य.स.को तर्फवाट गणेश थापा, जितुहर्क तामाङ, राजेन्द्र प्रशाद साह, लाल बहादुर वि.क., तेजनारायण शेर्पा, सेतीमाया आले, लगायतका व्यक्तिहरुले ठूलो सहयोग पुऱ्याउनु भएको थियो भने शिक्षकहरुबाट खड्ग थापा, बीरेन्द्र मगर, विष्णुराज वस्नेत लगाएतका व्यक्तिहरुले उल्लेख्य भूमिका निभाउनु भएको थियो साथै युवा पंतिवाट इश्वर राना मगर, माधव राउत, दिनेश बुर्जा मगर, लिल बहादुर तामाङ, विदुर खत्री, राजेश लायो मगर, शोभित आले, प्रभात लामा, सन्तोष मश्राी मगर, अनिल थापा मगर, टेकराज रिखाम मगर, अनिल कार्की लगाएतका युवाहरुले सहयोग पुऱ्याउनु भएको थियो । यसरी १२ लाख रुपैया चन्दा संकलन भयो । यसै साल वालविकास समाज नेपालको १ लाख रुपैया आर्थिक अनुदान र बाँकी जनश्रमदानवाट २ कोठे आर.सी. सी. भवन समेत निर्माण भयो ।

०६३ साल मंसिर महिनामा जनयुद्धरत माओवादी भखरै शान्ति प्रकृयामा आएको थियो । देशमा तराइ आन्दोलन शुरु हुन थालेको थियो । ०६३ पौष २८/२९ गते हामी उदयपुरबाट म, वासुदेव चौधरी, जंग बहादुर खडका, देवनाथ चौधरी, लगायतका व्यक्तिहरु दूरशिक्षाको प्रशिक्षक प्रशिक्षण तालिममा भागलिन शैक्षिक तालिम केन्द्र धनुषामा गएका थियौ । ४ गते तालिम सकिने थियो तर ७ गते भित्रमा उ.मा.वि. संचालनको लागि रु ८ लाख धरौटी राखी जि.शि.का. र शिक्षा

विभागको सिफारिस लिएर सम्बन्धनको लागि उच्च माध्यमिक शिक्षा परिषद् सानोठिमी भक्तपुर पुग्नु पर्ने खवर आयो । ४ गते विहानै तालिम सकेर रवाना लिन लाग्दै थियौ लाहान घटनाले गर्दा तराई वन्दको हल्ला आयो । यतिकैमा जताततै टायर वाल्न थालियो, गाडीहरु वन्द भए, नाराजुलुस लाग्न थाले । यता उदयपुर नआए +२ को सम्बन्धन छुट्ने अवस्था थियो । उदयपुरको सहभागिहरु मध्ये म र जंग बहादुर खडका मात्र पाहाडे मूलका थियौ । हामीलाई लाग्यो तराइवासी साथीहरु जसोतसो वाँच्नुहोला तर हामी चाँही मर्ने भयौं । यस्तैमा धनुषा तालिम केन्द्रवाट भारतको जठी नाका हुदै जयनगर, सिराहा माडर हुँदै लाहान पुग्ने योजना वन्यो । योजना मुताविक हामीले तालिम केन्द्र छाड्यौ र रिक्सावाट जठी तर्फ लाग्यौ । ठाँउ ठाँउमा टायर वालेर सडक अवरुद्ध पारिएकोले रिक्सावाट ओर्लिएर हिड्नु पर्थ्यो । हामी दुई पहाडेलाई देख्ने वित्तिकै "पाहाडे चोर देश छोड" भन्ने नारा जुलुसमा हिडेका सवैले कसी कसी लगाउँथे । हामीलाई पक्कै मर्ने भयौ भन्ने लाग्यो । मखलरले मुख छोपिएकोले थोरै मात्र अनुहार देखिन्थ्यो । जसोतसो भारतको सिमानामा पुगेपछि अव वाँचियो भन्ने लाग्यो । त्यहाँवाट ७ वजे साँझ जयनगर आयौ र टमटमवाट ८ वजे तिर सिराह माडर हुँदै लाहान आई भोलिपल्ट उज्यालो नहुदै गाईघाट आईयो ।

खाता संचालक जीतुहर्क तामाङ, माधव राउत र बीरेन्द्र मगरलाई गाइघाटमै वोलाइयो । खातामा केही रकम अपुग थियो तत्कालै बीरेन्द्र मगरले भिम राई सँग भेटी रु ३५०००।- चन्दा संकलन गर्नु भयो । अध्यक्ष गणेश थापा र बीरेन्द्र मगरको सामान्य चिनजानमा वहाँले यति ठूलो रकम विद्यालयलाई उपलब्ध गराएर हामी सबैलाई ठूलो गुण लगाउनु भएको छ । वहाँको यो योगदानलाई हामी सबैले झुकेर सलाम गर्नै पर्दछ । ८ लाख रुपैयाको जोरजाम गरी धरौटी राखियो । शिक्षा कार्यालयको सिफारिस लिनेकाम गरियो । यसो गर्दै ५ गते वित्यो । ६ गते जसरी भएपनि काठमाण्डौ पुगी ७ गते उ.मा.शि.प.मा सम्पर्क गर्नु थियो । लाहान घटनाले गर्दा यातायात पुरै वन्द थियो । हामी जस्तै उदयपुरका अरु ७ वटा विद्यालयको पनि सोही हविगत थियो । यस्तैमा मुर्कुचीको एम्वुलेन्स मगाई म र उ.मा.वि. खाटडाँडाका अध्यक्ष वोध कुमार घिमिरे सबैको कागजपत्र लिएर काठमाण्डौ जाने सल्लाह भयो । ५ गते राति नै एम्वुलेन्स मगाउने काम गरियो । तर राति जान डर लागेकोले भोलि पल्ट विहान वाटो लाग्ने सल्लाह भयो । एम्वुलेन्सका गुरु मन सुनुवार निजको साथी गायत्री, म र वोध कुमार दाइ पञ्चावती होटलमा वास वस्यौं । भोलिपल्ट विहान फोनद्वारा लाहानको हालखवर वुझ्दा सवै वन्द भएको नाराजुलुसले सडक भरिएको खवर प्राप्त भयो तर पनि जानु त थियो नै । वोध कुमार दाइलाई विरामीको वाहाना पारी वेडमा सुताई म वहाँको सुसारे भई एम्वुलेन्सवाट काठमाण्डौकालागि वाटो लागियो । भेडिया देखि उता लागेपछि सडक भरी मानव सागर उर्लिएको थियो । सडकमा मानिसको टाउको मात्र देखिन्थ्यो । सडकमा पुरै ढुङ्गा मुढा तेर्स्याइएका थिए, टायर बालिएका थिए कतै ढुङ्गा हटाउदै कतै चोरवाटो हुँदै गइयो तर कहि कतै एम्वुलेन्स तोडफोड भएन । सानो मुटुलिएर बर्दिवास पुगियो । त्यहाँ आन्दोलनकारीहरु थिएनन् । हामी बल्ल ढुक्क भयौ ।गाडिबाट ओर्लिएर चिया नास्ता गऱ्यौ र भिमफेदीको बाटो हुँदै साँझमा काठमाण्डौ पुग्यौं । काठमाण्डौमा पनि विद्यार्थीको आन्दोलन रहेछ । भोलिपल्ट वन्दकै बीचमा भक्तपुर पुगियो र आवश्यक कागज पत्रहरु बुझाउने काम भयो । नेपाल वन्द भइ नै रहेकोले तुरुन्तै फर्कन सकिएन । २ दिनसम्म काठमाण्डौमा नै बसी भोलिपल्ट साँझमा काठमाण्डौवाट बाईरोडको बाटो हुदै उदयपुर फर्कने क्रममा म विरामीको वाहानामा वेडमा सुतेको थिएँ । एम्वुलेन्सको वासर लुज भएको कारण रातभरि मेरो शरीरलाई चिसो हावाले सतायो । यसैको परिणम स्वरुप धेरै दिनसम्म विरामी परियो । राति २ वजे तिर मुर्कुची आइयो । यसरी विभिन्न सजिलो अप्ठेरोसँग जुद्दै २०६४ साल श्रावणदेखि +२ कक्षा संचालनको लागि अनुमति प्राप्त गरियो । हाल यस विद्यालयमा +२ तर्फ शिक्षा र वाणिज्य संकायको पठन-पाठन संचालन भइरहेको छ ।

## २. विद्यालयको वर्तमान अवस्था ः

क) विद्यार्थीको संख्या ः

| कक्षा | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | जम्मा | कै. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| छात्र | २१ | १० | १५ | २२ | २४ | ४३ | ३८ | ४५ | ४४ | ६१ | ४९ | ४७ | ४१९ | |
| छात्रा | २२ | १७ | १६ | १९ | २७ | ३१ | ३१ | ४६ | ८८ | ७७ | ७१ | ८१ | ५२६ | |
| जम्मा | ४३ | २७ | ३१ | ४१ | ५१ | ७४ | ६९ | ९१ | १३५ | १३८ | १२० | १२८ | ९४५ | |

ख) शिक्षक कर्मचारी विवरण ः

१. मा. वि. तर्फ

| क्र.सं. | नाम थर | ठेगाना | पद | योग्यता | कैफियत |
|---|---|---|---|---|---|
| १. | खड्ग बहादुर थापा | वाँस्वोटे-१, उदयपुर | प्र.अ. | वी.एस्सी, वी. एड. | स्थायी |
| २. | अमरेन्द्र कुमार झा | तिलाठी-७, सप्तरी | मा.शि. द्धितीय | वि.ए. | स्थायी |
| ३. | जितेन्द्र कुमार सिह | वनैनिया ४ सप्तरी | मा.शि.तृतीय | वी.एस्सी, वी. एड. | स्थायी |
| ४. | माधब बहादुर राउत | रौता-८, उदयपुर | मा.शि. तृतीय | एम.एड. | राहत |
| ५. | हरिकला जि.सी. | हस्तिचौर -७, गुल्मी | मा.शि. तृतीय | एम.एड. | लिएन |
| ६. | चन्देश्वर साह | पत्थरगाडा-२, सप्तरी | मा.शि. तृतीय | एम.एड. | अस्थायी |
| ७. | विरेन्द्र कुमार मगर | रौता-८, उदयपुर | नि.मा.शि.द्धितीय | वी. ए. | स्थायी |
| ८. | हेमनारायण यादव | मानराजा-४, सप्तरी | नि.मा.शि.द्धितीय | वी.ए. | स्थायी |
| ९. | मिन बहादुर मगर | रौता-८, उदयपुर | नि.मा.शि.तृतीय | आइ.कम. | निजि |
| १०. | रुकु मगर | रौता-८, उदयपुर | नि.मा.शि.तृतीय | +२ | पि.सि.एफ. |
| ११. | भिम बहादुर मगर | रौता-८, उदयपुर | प्रा.शि.द्धितीय | एस.एल.सी. | स्थायी |
| १२. | रामबहादुर श्रेष्ठ | रौता-८, उदयपुर | प्रा.शि.द्धितीय | एस.एल.सी. | स्थायी |
| १३. | गंगा कुमारी मगर | वाँस्वोटे-१, उदयपुर | प्रा.शि.तृतीय | आई.ए. | स्थायी |
| १४ | मिना कुमारी मगर | रौता-८, उदयपुर | प्रा.शि.तृतीय | +२ | अस्थायी |
| १५. | झम्कीमाया मगर | रौता-८, उदयपुर | प्रा.शि.तृतीय | +२ | राहत |
| १६. | विदुर बहादुर खत्री | रौता-८, उदयपुर | लेखापाल | +२ | निजि स्थायी |
| १७. | गिता के.सी. | रौता-८, उदयपुर | इ.पु. सहायक | +२ | निजि |

| | | | | | |
|---|---|---|---|---|---|
| १८. | गोमा कुमारी आले | रौता-५, उदयपुर | स.का. | +२ | अस्थायी |
| १९. | मान बहादुर मगर | रौता-९, उदयपुर | का.स. | साधारण | निजि स्थायी |
| २०. | हरि बहादुर राना | रौता-९, उदयपुर | का.स. | एस.एल.सी. | निजि |

२. उ.मा.वि. तर्फ

| क्र.सं. | नाम थर | ठेगाना | पद | योग्यता | विषय | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | खड्ग बहादुर थापा | बाँस्वोटे-१, उदयपुर | प्र.अ. | वी.एस्सी./वी.एड. | गणित | आंशिक |
| २. | माधव राउत | रौता-९, उदयपुर | शिक्षक | एम.एड. | शिक्षा | " |
| ३. | हरिकला जी.सी. | हस्तिचौर-७, गुल्मी | " | एम.एड. | नेपाली | " |
| ४. | चन्देश्वर शाह | पत्थरगडा-२, सप्तरी | " | एम.एड. | अंग्रेजी | " |
| ५. | रामऔतार मण्डल | मझौरी-६, सिराहा | " | एम.एड. | अंग्रेजी | " |
| ६. | टेकराज रिखाम | रौता-९, उदयपुर | " | वी.एड. | जनसंख्या | " |
| ७. | प्रकाश कोइराला | रौता-९, उदयपुर | " | एम.वि.एस. | वाणिज्य | पूर्णकालीन |
| ८. | मोहन बुर्जा मगर | रौता-९, उदयपुर | कर्मचारी | वी.ए. | अंग्रेजी | " |
| ९. | सुनिता लायो | रौता-९, उदयपुर | " | आइ.कम. | वाणिज्य | " |
| १०. | धनमाया थापा | रौता-९, उदयपुर | " | साधरण | - | " |

ग) विद्यालय व्यवस्थापन समितिको विवरण ः

| क्र.सं. | नाम, थर | ठेगाना | पद | कैफियत |
|---|---|---|---|---|
| १. | इश्वर राना मगर | रौता-९, उदयपुर | अध्यक्ष | नि. निर्वाचित |
| २. | जीतुहर्क तामाङ | रौता-९, उदयपुर | सदस्य | संस्थापक (मनोनित) |
| ३. | प्रकाश दाहाल | रौता-९, उदयपुर | सदस्य | शिक्षाप्रेमी (मनोनित) |
| ४. | प्रेम बहादुर कार्की | रौता-९, उदयपुर | सदस्य | नि. निर्वाचित |
| ५. | पवि वि.क. | रौता-९, उदयपुर | सदस्य | नि. निर्वाचित |
| ६. | हिम लुङ्गेली मगर | रौता-५, उदयपुर | सदस्य | नि. निर्वाचित |
| ७. | महेश पञ्जियार | रौता-९, उदयपुर | सदस्य | चन्दादाता (मनोनित) |

| | | | | |
|---|---|---|---|---|
| ८. | बीरेन्द्र कुमार मगर | रौता-८, उदयपुर | सदस्य | शिक्षक प्रतिनिधि |
| ९. | खड्ग बहादुर थापा | रौता-८, उदयपुर | सदस्य सचिव | प्र.अ. |

घ) शिक्षक अभिभावक संघ विवरण ः

| क्र.स. | नाम | पद | ठेगाना | कैफियत |
|---|---|---|---|---|
| १. | अमृत रायामाझी | अध्यक्ष | रौता-५, उदयपुर | नि. निर्वाचित |
| २. | तेजु आले मगर | सदस्य | रौता-८, उदयपुर | " |
| ३. | कमला तामाङ | " | रौता-८, उदयपुर | " |
| ४. | राम परियार | " | रौता-८, उदयपुर | " |
| ५. | भीम कुमारी मगर | " | रौता-८, उदयपुर | " |
| ६. | दोर्जी शेर्पा | " | रौता-८, उदयपुर | " |
| ७. | गणेश बहादुर कार्की | " | रौता-८, उदयपुर | " |
| ८. | प्रेम रेग्मी | " | चिलाउने-६ उदयपुर | " |
| ९. | माधव बहादुर राउत | सदस्य सचिव | रौता- ८, उदयपुर | शिक्षक प्रतिनिधि |
| १०. | ईश्वर राना मगर | सदस्य | " | पदेन |
| ११. | खड्ग बहादुर थापा | " | " | पदेन |

(ङ) विद्यालयको भौतिक विवरण

१. जग्गा - १० रोपनी ४ आना
२. भवन संख्या (पक्की) - १० वटा
३. कोठा संख्या - २१
४. कम्प्युटर संख्या - १९ वटा
५. शौचालय - ३ वटा
६. शौचालय कोठा - १०
७. डेक्स बेन्च सेट - ३००
८. विज्ञान सामाग्री - केहि
९. काठको दराज - ६
१०. काठको टेबुल - १८
११. काठको कुर्सी - ४७
१२. कम्प्युटर टेवुल - ४
१३. सिलिË ˆयान - ५
१४. फलामे डेक्सबेन्च सेट - २०
१५. विज्ञान भवन - १
१६. खानेपानी ट्यार्ी - १
१७. छात्रावास भवन - १
१८. सिरक डस्ना सेट - २
१९. पुस्तक संख्या - ४००
२०. रिडिङ रुम - १
२१. फोटोकपी मशिन - १
२२. टेलीफोन सेट - १
२३. प्रिन्टर - १
२४. फलामे गेट - ३

(च) विद्यालयको आर्थिक विवरण

आ.व. २०६७/६८ को प्राप्ती र भुक्तानी विवरण ( उ.मा.वि. तर्फ )

| प्राप्ती | | | भुक्तानी | | |
|---|---|---|---|---|---|
| क्र.स. | विवरण | रकम | क्र.स. | विवरण | रकम |
| १. | गत बैंक अल्या | ९,५२,६८५।५६ | १. | नगद मौज्दात बैंक दाखिला | १,५०,०००।- |
| २. | गत नगद मौज्दात | १,५५,००२।५८ | २. | कर | ६३३।२९ |
| ३. | अनुदान | ४,३९,८६०।- | ३. | परीक्षा | १,०३,४९८।- |
| ४. | शुल्क | ३,२२,३४०।- | ४. | मसलन्द | ५,०२४।- |
| ५. | परीक्षा | १,०३,४९८।- | ५. | पुस्तक | २४,५४५।- |
| ६. | बैंक ब्याज | १६,८२८।९४ | ६. | विज्ञापन | ३,१००।- |
| ७. | छात्रबृति | २८,२०५।- | ७. | रजिष्टेसन | ४७,०५०।- |
| ८. | जि.वि.स. अनुदान | ५०,०००।- | ८. | धरौटी फिर्ता | २२,०००।- |
| ९. | आन्तरिक श्रोत | ८,६७,२१७।- | ९. | भ्रमण खर्च | १४,६००।- |
| | | | १०. | टेलीफोन | ११,५८२।- |
| | | | ११. | परीक्षा आवेदन खर्च | १,९२,१५१।- |
| | | | १२. | पत्रपत्रीका | ८,५३०।- |
| | | | १३. | काठ चिरान | ७,५००।- |
| | | | १४. | श्रोत केन्द्र मर्मत | ११,२५०।- |
| | | | १५. | सरसफाई | ३,३८०।- |
| | | | १६. | अतिथी सत्कार | ९,३३०।- |
| | | | १७. | छपाई | १,४००।- |
| | | | १८. | शैक्षिक भ्रमण | १०,०००।- |
| | | | १९. | छात्रबृति | १३,६००।- |
| | | | २०. | लेखापरीक्षण | ६,१००।- |
| | | | २१. | तलब | ५,२६,८७०।- |
| | | | २२. | क्याम्पस सापटी | ८०,०००।- |
| | | | २३. | अन्तिम बैंक मौज्दात | १६,५४,३८४।२७ |
| | | | २४ | नगद जिम्मा | २९,१०९।५२ |
| | जम्मा | २९,३५,६३७।०८ | | जम्मा | २९,३५,६३७।०८ |

आ.व. ०६७/६८ को प्राप्ती र भुक्तानी विवरण (मा.वि. तर्फ)

| प्राप्ती | | | भुक्तानी | | |
|---|---|---|---|---|---|
| क्र.स. | विवरण | रकम | क्र.स. | विवरण | रकम |

| | | | | | |
|---|---|---|---|---|---|
| १. | गत बैंक अल्या | ११,४३,४०८।३६ | १. | तलब | २९,३९,७९५।९१ |
| २. | गत नगद मौज्दात | ९०,२६५।५ | २. | कम्प्युटर मर्मत | ३२,२६५।- |
| ३. | जि.शि.का. अनुदान | ४८,०८,२३५।- | ३. | मसलन्द | २१,८१७।- |
| ४. | बैंक ब्याज | ४,२०५।८८ | ४. | ले.प. शुल्क | १५,३००।- |
| ५. | आन्तरिक श्रोत | ५,४४,५३०।- | ५. | छपाई | ९,३५६।- |
| ६. | कम्प्युटर जोडकोष | ५७,०००।- | ६. | संचित बिदा रकम भु. | १९,२००।- |
| ७. | नगद जम्मा | ४०,०००।- | ७. | तथ्यांा संकलन | १३,६००।- |
| | | | ८. | अभिभावक दिवश | ४३,६५५।- |
| | | | ९. | ट्यांि निर्माण | २२,३४०।- |
| | | | १०. | कम्पाउण्ड वाल | १,३२,९७०।- |
| | | | ११. | छात्रबृति | ६१,२००।- |
| | | | १२. | रौता समुदाय हितकेन्द्र | १०,०००।- |
| | | | १३. | बाँध निर्माण | १५,०००।- |
| | | | १४. | सरस्वती पूजा | ११,१००।- |
| | | | १५. | विद्यालय सु.यो. निर्माण | ६,७६७।- |
| | | | १६. | नगद फिर्ता | २२,७९८।७१ |
| | | | १७. | एस.एल.सी.परीक्षा खर्च | ५१,७००।- |
| | | | १८. | पाठ्पुस्तक | २,१३,५९०।२५ |
| | | | १९. | परीक्षा | ६३,९३८।- |
| | | | २०. | भित्तेलेखन | १२,६३६।- |
| | | | २१. | फर्निचर | ११,२७३।- |
| | | | २२. | टाईबेल्ट | २०,०००।- |
| | | | २३. | विज्ञान भवन निर्माण | ६,५०,२५०।- |
| | | | २४. | सामाजिक सुरक्षा कर दाखिला | २४,५०१।३१ |
| | | | २५. | अतिथी सत्कार | १०,३३३।- |
| | | | २६. | विद्युत महशुल | १९,८६५।- |
| | | | २७. | वाईरिË | १५,०३७।- |
| | | | २८. | सरसफाई | ८,३२३।९६ |
| | | | २९. | खाता खोल्न | ८,०००।- |
| | | | ३०. | अन्तिम बैंक मौज्दात | १८,३७,१९४।६१ |
| | | | ३१. | अन्तिम नगद जिम्मा | ३२,०००।- |
| | जम्मा | ६६,८७,६४४।७४ | | जम्मा | ६६,८७,६४४।७४ |
| | | | | | |

(छ) विद्यालयको शैक्षिक सूचकहरु तथा आगामी लक्ष्य

| क्र.सं. | सूचक | | वर्तमान अवस्था | लक्ष्य | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | २०६८ | २०६९ | २०७० | २०७१ | २०७२ |
| १ | सहजै देखिने भर्ना GER | | १६१.४२ | १६०.०० | १४० | १३० | १२० | १०० |
| २ | खुद भर्ना प्रतिशत NER | | ९७.६३ | ९७.८० | १००.०० | १०० | १०० | १०० |
| ३ | छात्राहरुको खुद भर्ना प्रतिशत | | ९८.२१ | ९८.५ | ९८.८ | ९९ | ९९.५ | १०० |
| ४ | शिक्षक विद्यार्थी अनुपात | | प्रा.वि. १:४०<br>नि.मा.वि. १:७८<br>मा.वि. १:५४ | १:४०<br>१:६०<br>१:५० | १:३८<br>१:५५<br>१:४५ | १:३५<br>१:५०<br>१:४० | १:३३<br>१:४५<br>१:३५ | १:३०<br>१:४०<br>१:३० |
| ५ | कक्षा कोठा विद्यार्थी अनुपात | | १:४० | १:३८ | १:३६ | १:३५ | १:३२ | १:३० |
| ६ | शिक्षक कक्षा अनुपात | | १:१ | १:१ | १:१ | १:१ | १:१ | १:१ |
| ७ | विद्यार्थीको औसत उपस्थिति | | १४९ | १५० | १५५ | १६० | १६५ | १७० |
| ८ | शिक्षकको औसत उपस्थिति | | २०३ | २०५ | २०८ | २१२ | २१५ | २२० |
| ९ | कक्षागत उत्तीर्ण प्रतिशतः | कक्षा-१ | १००% | १००% | १००% | १००% | १००% | १००% |
| | | कक्षा-२ | १००% | १००% | १००% | १००% | १००% | १००% |
| | | कक्षा-३ | १००% | १००% | १००% | १००% | १००% | १००% |
| | | कक्षा-४ | १००% | १००% | १००% | १००% | १००% | १००% |
| | | कक्षा-५ | १००% | १००% | १००% | १००% | १००% | १००% |
| | | कक्षा १-५ जम्मा | १००% | १००% | १००% | १००% | १००% | १००% |
| १० | जातिगत उत्तीर्ण | ब्राहमण | १००% | १००% | १००% | १००% | १००% | १००% |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | प्रतिशत | जनजाति | १००% | १००% | १००% | १००% | १००% | १००% |
| | | दलित | १००% | १००% | १००% | १००% | १००% | १००% |
| | | जम्मा | १००% | १००% | १००% | १००% | १००% | १००% |
| ११ | कक्षा दोऱ्याउने प्रतिशत | (छात्र) | २.५४ | २.४० | २ | १.५ | ०.५ | ०० |
| | | (छात्रा) | ३.५७ | ३.०० | २.५० | २.०० | १.०० | ०० |
| १२ | कक्षा छोड्ने दर | (छात्र) | ०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| | | (छात्रा) | ०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| १३ | विषयगत सिकाई उपलब्धि | | | | | | | |
| | कक्षा-१ | नेपाली | ४७.८८ | ५० | ५५ | ६० | ६५ | ७० |
| | | गणित | ४४.८२ | ४८ | ५२ | ५६ | ६० | ६५ |
| | | सामाजिक | ४१.२१ | ४५ | ५० | ५५ | ६० | ६५ |
| | कक्षा-२ | नेपाली | ५३.७८ | ५५ | ५८ | ६३ | ६५ | ७० |
| | | गणित | ४४.०३ | ४५ | ४८ | ५२ | ५६ | ६० |
| | | सामाजिक | ७३.६० | ७४ | ७६ | ७८ | ८० | ८२ |
| | कक्षा-३ | नेपाली | ३८.१७ | ४० | ४५ | ५० | ५५ | ६० |
| | | गणित | ४२.२७ | ४५ | ५० | ५५ | ६० | ६५ |
| | | सामाजिक | ३०.६ | ३५ | ४० | ४५ | ५० | ५५ |
| | कक्षा-४ | नेपाली | १५ | २० | ३० | ४० | ५० | ६० |
| | | गणित | १७ | २५ | ३५ | ४५ | ५० | ५५ |
| | | सामाजिक | १५ | २५ | ३५ | ४५ | ५० | ५५ |
| | | अंग्रेजी | १६ | २० | ३० | ४० | ५० | ६० |
| | | विज्ञान | १४ | २० | २५ | ३५ | ४५ | ५५ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कक्षा-५ | नेपाली | २८ | ३५ | ४० | ४५ | ५० | ५५ |
| | | गणित | १३ | २० | २५ | ३० | ३५ | ४० |
| | | सामाजिक | २५ | ३० | ३५ | ४० | ४५ | ५० |
| | | अंग्रेजी | २५ | ३० | ३५ | ४० | ४५ | ५० |
| | | विज्ञान | ३७ | ४० | ४५ | ५० | ५५ | ६० |
| १४ | कक्षागत सिकाई उपलब्धि | कक्षा-१ | ४५.५६ | ५० | ५५ | ६० | ६५ | ७० |
| | | कक्षा-२ | ६२.३८ | ६५ | ७० | ७५ | ८० | ८५ |
| | | कक्षा-३ | ३४.८ | ४० | ४५ | ५० | ५५ | ६० |
| | | कक्षा-४ | १५ | २० | ३५ | ३० | ३५ | ४० |
| | | कक्षा-५ | २६ | ३० | ३५ | ४० | ४५ | ५० |
| १५ | प्राथमिक तह पूरा गर्ने दर | | ६३.४१ | ७० | ७५ | ८० | ८५ | ९० |
| १६ | प्रति विद्यार्थी कक्षाकोठाको क्षेत्रफल | | १:७.२ Sq.Feet | | | | | |

## (ज) विद्यालयले संचालन गर्दै आएको विविध गतिविधिहरु ः

**१. अभिभावक दिवसः** विद्यालयको शैक्षिक, भौतिक र आर्थिक गतिविधिहरु आम अभिभावकहरुबीच पुऱ्याउन, समीक्षा गर्न तथा महत्वपूर्ण योजनाहरु तय गर्न विद्यालयले २०६० सालदेखि वर्षेनी फाल्गुण ११ गते अभिभावक दिवशको आयोजना गर्दै आएको छ । उक्त दिन सम्पूर्ण अभिभावकहरु शिक्षाकार्यलयका प्रतिनिधि, स्थानीय संघसंस्थाको प्रतिनिधि, प्रमुख राजनीतिक दलका प्रतिनिधिहरु र अन्य सरोकारवाला संघसंस्था तथा व्यक्तिहरुलाई आमन्त्रण गरी विद्यालयको गतिविधिको प्रश्तुती, टिकाटिप्पणी तथा राय सुझाब संकलन गर्ने काम गरिएको छ। यसले एक प्रकारको सामाजिक परिक्षणको काम गरेको अनुभव गरिएको छ। विद्यालयको आर्थिक गतिविधिलाइ जति गोप्य राख्यो त्यति यस प्रति शंका हुने, विद्यालय र समुदायबीचको सम्बन्ध सुमधुर नहुने हुन्छ । यसलाई सबैले बुझ्ने गरी पारदर्शि गरिएकोले सबै शंकाहरु तथा असमजदारी दुर भई विद्यालयलाई सहयोग लिनदिन सजिलो भएको छ । पहिलो अभिभावक दिबस २०६०/५/२८, दोश्रो २०६२/११/१० मा आयोजना गरिएको थियो भने तेश्रो अभिभावक दिवशदेखि वर्षेनी फाल्गुण ११ गते आयोजना गर्ने गरिएको छ। २०६१ सालमा भने माओवादी जनयुद्धको कारणले उक्त दिवश आयोजना गर्न सकिएन । उक्त दिन छात्रबृति वितरण, सांस्कृतिक कार्यक्रम, खेलकूद आदि अतिरिक्त क्रियाकलापहरु संचालनगरी पुरस्कार समेत वितरण गरिन्छ ।

**२. सम्मान तथा अभिनन्दन** : यस विद्यालयको स्थापना कालदेखि यसको विकास र उन्नयनमा धेरैले खुनपसिना बगाएको छ। ती अमूल्य योगदानको मूल्य त विद्यालयले चुकाउन सक्तैन तर पनि त्यस्ता ब्यक्ति तथा संस्थाहरुलाई छनौटगरी अभिभावक दिवश समारोहमा दोसल्ला ओढाएर सम्मान तथा अभिनन्दन गर्ने गरिएको छ ।

**३. बर्ष अभिभाबक छनौट** : यस विद्यालयलाई बर्ष भरिमा उत्कृष्ट योगदान पुऱ्याउने अभिभावक मध्येबाट वि.ब्य.स.को छलपलबाट " वर्ष अभिभाबक" छनौटगरी वहाँहरुको योगदानको कदर गर्दै विद्यालयमा फोटो राख्ने परम्परा २०६२ सालदेखि थालनी गरिएको छ । यसले गर्दा अभिभावकमा विद्यालयलाई सहयोग गर्ने सकारात्मक सोंचको विकास भएको छ ।

**४. संघसस्थासंग समन्वय** : यस विद्यालयले विभिन्न संघसंस्थाहरुसंग समन्वय गरी सहयोग लिनेदिने गरेको छ। विद्यालयले समन्वय गरी सहयोग लिएको सरकारी संघसंस्थाहरुमा जि.शि.का. उदयपुर, जि.वि.स. उदयपुर, गा.वि.स. रौता, उच्च माध्यामिक शिक्षा परिषद छन् भने गैर सरकारी संघसंस्थाहरुमा प्रमुख रुपमा बालविकास समाज नेपाल उदयपुर, ग्रामीण स्वास्थ्य र शिक्षा सेवा गुठी, सामुदायिक बनहरु तथा अन्य स्थानीय संघसंस्थाहरु पर्दछन्। बालविकास समाज नेपालले यस विद्यालयमा भवन निर्माण, कक्षा ब्यवस्थापन, शिक्षक तालिम, ई-लाईब्रेरी स्थापना लगायतका क्षेत्रमा उल्लेख्य योगदान पुऱ्याएको छ। त्यस्तै ग्रामीण स्वास्थ्य र शिक्षा सेवा गुठी काठमाडौले यस विद्यालयका कक्षा १ देखि १२ सम्म ३२ जना छात्राहरुलाई छात्रवृति सहयोग उपलब्ध गराई उनिहरुको  पढाईलाई निरन्तरता दिएको छ। त्यस्तै यस विद्यालयलाई यहाँका सामुदायिक बनहरुले बेलाबेलामा आर्थिक तथा भौतिक सहयोग पुऱ्याउदै आएको छ। ती संघसंस्थाहरु त्रिशक्ति सा.व.उ.स., विश्वकञ्चन सा.व.उ.स., नवज्योति सा.व.उ.स., अन्नपूर्ण सा.व.उ.स.को नाम अगाडि आउँछ ।

**५. ई-लाईब्रेरी संचालन** : आजको शताब्दी सूचना र प्रविधिको शताब्दी हो । कम्प्युटर चलाउन नसक्ने ब्यक्तिलाई साक्षर मान्न छाडी सकिएको छ। मानव जीवनको दैनिक क्रियाकलापमा कम्प्युटर अनिवार्य जस्तै भएको छ । कैयौं निजी विद्यालयहरुले कम्प्युटरको विज्ञापनले धेरै विद्यार्थी तथा अभिभावकलाई आकर्षण गरिरहेका छन् । यीनै आबश्यकता पूरा गर्न यस जिल्लाकै पहिलो ई-लाइब्रेरी बालविकास समाज नेपाल र विद्यालयको आर्थिक साझेदारी र हेल्प नेपालको प्राविधिक सहयोगमा स्थापना गरिएको छ। उक्त ई-लाइब्रेरीमा कक्षा २ देखि ८ सम्मका बालबालीकाहरुले कम्प्युटरको माध्यमबाट दैनिक अध्ययन गर्ने अवसर पाएका छन् भने कक्षा ८ देखि १२ सम्मका विद्यार्थीहरुले  अतिरिक्त समयमा कम्प्युटर सम्बन्धि आधारभूत ज्ञान हासिल गरिरहेका छन् ।

**६. अतिरिक्त क्रियाकलाप** : शिक्षा ब्यक्तिको सर्वाङ्गिण पक्षको विकासको माध्यम हो । बालबालीकाको अर्न्तनिहित प्रतिभालाई उजागर गर्न अतिरिक्त क्रियाकलापले ठूलो सहयोग पुऱ्याउँछ । यसै कुरालाई मध्यनजर गर्दै विद्यालयमा अर्द्धमासिक रुपमा अतिरिक्त क्रियाकलाप संचालन गरिदै आएको छ । शिक्षक हरीकला जी.सी.लाई अतिरिक्त क्रियाकलाप प्रमुखको रुपमा जिम्मेवारी दिइएको छ । उहाँले तयार गर्नु भएको अतिरिक्त क्रियाकलापको बार्षिक योजना अनुसार यी क्रियाकलापहरु संचालन गरिदै आएको छ ।

**७. समीक्षा गोष्ठि** : शैक्षिक सत्र शुरुहुनु भन्दा पूर्व वि.ब्य.स., शि.अ.संघ तथा शिक्षकहरुको सहभागीतामा वर्षभरिको शैक्षिक क्रियाकलापको समीक्षा तथा भावी योजना निर्माण गर्न समीक्षा गोष्ठि गर्ने गरिएको छ। यसले गत बर्षमा भएका कमी

कमजोरीलाई निराकरण गर्न र थप नयाँ कार्यक्रम निर्धारण गर्न सहयोग पुगेको छ । साथै त्रैमासिक रुपमा कक्षागत अभिभावकहरुको भेला गराई विद्यार्थीको सिकाई उपलब्धी तथा नियमितताको बारेमा समिक्षा गर्ने गरिएको छ । यसले विद्यार्थी, शिक्षक र अभिभावकबीचको त्रिकोणात्मक सम्बन्ध मजबूत भएको छ ।

**८. सामाजिक परीक्षण** ः विद्यालयले भाद्र/आश्विन महिनामा सम्पूर्ण गतिविधिहरुको परीक्षण गराई यसको प्रतिवेदन जिल्ला शिक्षा कार्यलय, सम्बन्धित संघसंस्थालाई दिदै आएको छ । प्रतिबेदनले प्रश्तुत गरेको सुझावहरुलाई सुधारको लागि कार्यान्वयन गर्ने गरिएको छ । शिक्षक अभिभावक संघका अध्यक्ष अमृत रायमाझीको अध्यक्षतामा परीक्षण समिति गठन गरिएको छ ।

## (झ) विद्यालयका विद्यमान समस्याहरु ः

**१. शैक्षिक** ः

(क) सिकाई उपलब्धि न्यून हुनु, (ख) उ.मा.वि. तहमा न्यून उत्तिर्ण दर, (ग) +२ मा विभिन्न संकायको पढाई संचालन गर्न नसकिनु, (घ) नि.मा.वि./मा.वि./उ.मा.वि. मा विद्यार्थी संख्याको आधारमा दरबन्दी न्यून हुनु, (ङ) विद्यार्थीको नियमितता कम हुनु, (च) विद्यार्थीले चाहे अनुसारका ऐच्छिक विषयहरु अध्यापन गर्ने शिक्षकहरु नहुनु, (छ) प्रा.वि. तहमा विद्यार्थी घट्दै जानु (ज) विज्ञान प्रयोगशाला नहुनु (झ) प्रयाप्त मात्रामा शैक्षिक सामाग्रीहरु निर्माण तथा खरिद गर्न नसक्नु, (ञ) इन्टरनेटको पहुँच नहुनु र (ट) प्रयाप्त खेलकुदका सामाग्री नहुनु

**२. भौतिक समस्या** ः

(क) विद्यालयको हातामा घेराबेरा नभएको, (ख) छात्र-छात्रालाई सुरक्षित शौचालय नहुनु, (ग) प्राथामिक उपचारको ब्यवस्था नभएको, (घ) विद्युतको क्षमता कम भई ई-लाइब्रेरी संचालनमा बाधा, (ङ) पुस्तकालय विस्तार गर्न नसकिएको, (छ) स्वच्छ खानेपानीको अभाव

**३. आर्थीक** ः

(क) विद्यालयको दिगो आर्थीक श्रोत नभएको, (ख) नि.मा.वि. देखि उ.मा.वि. सम्म निशुल्क शिक्षा दिन नसकिएको, (ग) नियमित रुपमा कम्प्युटर मर्मत गर्न नसकिएको, (घ) निजी श्रोतका शिक्षक कर्मचारीको तलब सुविधा न्यून

## (ञ) विद्यालयका भावी योजना तथा कार्यक्रमहरु ः

१. विद्यालयको वातावरणलाई वाल तथा अपाËमैत्री बनाउने, २. दिगो आर्थिक श्रोतको खोजी गर्ने, ३. शिक्षालाई आधुनिकिकरण गर्न पुस्तकालय तथा ई-सिस्टमको विकास गर्ने, ४. सिकाई उपलब्धि अभिबृद्धिको लागि क्षमता विकास कार्यक्रम संचालन गर्ने, ५. स्वच्छ खानेपानी ब्यवस्थापन र शौचालय निर्माण गर्ने, ६. घेराबेरा निर्माण गर्ने, ७. विज्ञान

प्रयोगशाला निर्माण गर्ने, ८. +२ तर्फ विज्ञान संकाय संचालन गर्ने, ९. थप कक्षा कोठाहरु निर्माण गर्ने, १०. भवनहरु मर्मत गर्ने, ११. कार्यलय फर्निचर निर्माण तथा व्यवस्थापन गर्ने ।


<u>सन्दर्भ श्रोत :</u>

१. जीतुहर्क तमाङ   २. गंग बहादुर राना   ३. धर्मध्वज थापा   ४. लिल बहादुर राना   ५. सूर्य बहादुर मगर   ६. बीरेन्द्र मगर   ७. उ.मा.वि. मुर्कुचीको विद्यालय सुधार योजना   ८. उ.मा.वि. मुर्कुचीको शैक्षिक तथ्यां[   ९. विद्यालय अभिलेख ।